कोशी प्रदेश सरकार
उद्योग,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

इनरुवा,सुनसरी,नेपाल

प.सं.२०८३/०८४
सू.नं –१

मितिः २०८३/०४/०४

## मौजुदा सूची (Standing List) मा सूचीकृत हुने सम्बन्धी सार्वजनिक सूचना

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सुनसरीको आर्थिक वर्ष २०८३/०८४ का लागि स्वीकृत वार्षिक कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रममा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम सोझै खरिद वा सीमित बोलपत्र/दरभाउपत्रको माध्यमबाट गरिने निर्माण कार्य, वस्तु/सामान आपूर्ति, औषधि/खोप खरिद तथा परामर्श सेवा सम्बन्धी कार्यहरूका लागि मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक इजाजतपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकहरूले सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-२(क) बमोजिमको ढाँचामा रीतपूर्वकको आवेदन यस कार्यालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. सूचीकृत हुन सक्ने कार्यका क्षेत्रहरू (Categories):

क) औषधि, जैविक पदार्थ (खोप), भेटेरिनरी औजार तथा ल्याब केमिकल आपूर्ति सम्बन्धी।

ख) दाना, घाँसको बीउ, माछाका भुरा तथा पशुपन्छी (बाछा, पाडा, बंगुर, कुखुरा आदि) आपूर्ति सम्बन्धी।

ग) कार्यालय सामान, स्टेसनरी, बहुमुद्रण, कम्प्युटर, प्रिन्टर तथा इलेक्ट्रोनिकस सामान आपूर्ति सम्बन्धी।

घ) मेसिनरी औजार, भेटेरिनरी उपकरण तथा औजार खरिद सम्बन्धी।

ङ) सानातिना भवन मर्मत, पोखरी निर्माण, दाना उद्योग स्थापना तथा भौतिक पूर्वाधार निर्माण कार्य।

च) सवारी साधन मर्मत सम्भार, टायर तथा स्पेयर पार्टस आपूर्ति सम्बन्धी।

छ) विभिन्न सेवा, परामर्श, सबै डिजाइन कार्य तथा कार्यालयलाई आवश्यक पर्ने अन्य कार्यहरू।

२. आवेदन साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू (नक्कलको लागि सक्कल बमोजिम प्रमाणित गरिएको):

क) फर्म/कम्पनी/संस्था दर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।

ख) स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

ग) नवीकरण भएको व्यवसायिक इजाजतपत्र।

घ) आर्थिक वर्ष २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate)।

ङ) परामर्श सेवा र विशेष प्राविधिक कार्यका लागि मुख्य जनशक्तिको विवरण (CV) र कार्य अनुभव सम्बन्धी कागजात।

३. अन्य शर्त तथा विवरणहरू:

क) रीत नपुगी आएका आवेदनहरू उपर कुनै कारबाही गरिने छैन।

ख) मौजुदा सूचीमा नाम समावेश हुँदैमा स्वतः काम पाउने अधिकार सुरक्षित हुने छैन।

ग) यस सूचनामा उल्लेख नभएका कुराहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछन्।

२०८३/०४/०४
कार्यालय प्रमुख

E-Mail :vhlssunsari@gmail.com, website:www.vhlssunsari.gov.np Phone : 025- 565162